श्री सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
आदेश
०७३-WO-०१०५
मुद्दाः- परमादेश ।

| | | |
|---|---|---|
| काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गाउँ विकास समिति, वडा नं. ४ खरेलथोक बस्ने अधिवक्ता अच्युत प्रसाद खरेल ------------------- | १ | निवेदक |

**विरुद्ध**

| | | |
|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं----- | १ | |
| गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं-------------------------------- | १ | |
| शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं------------------------------ | १ | |
| कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं--- | १ | |
| प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं---------------------------- | १ | |
| जिल्ला प्रशासन कार्यालय, बेनीबजार, म्याग्दी------------------------- | १ | |
| जिल्ला प्रहरी कार्यालय, बेनीबजार, म्याग्दी--------------------------- | १ | विपक्षी |
| पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखरा, कास्की----------------- | १ | |
| नाङ्गी पाउद्वार संयुक्त चौंरी पालन समिति, सिख गाउँ विकास समिति, म्याग्दी------------------------------------------------------------ | १ | |
| पाउद्वार माध्यमिक विद्यालय, सिख गाउँ विकास समिति, म्याग्दी------ | १ | |
| हिमाञ्चल उच्च माध्यमिक विद्यालय, राम्चे गाउँ विकास समिति,नाङ्गी, म्याग्दी------------------------------------------------------------- | १ | |
| जिल्ला शिक्षा कार्यालय, बेनीबजार, म्याग्दी--------------------------- | १ | |
| पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा, कास्की----------------- | १ | |
| व्यवस्थापिका संसद, व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार, काठमाडौं------------------------------------------------------- | १ | |

नेपालको संविधानको धारा ३२ तथा १०७ बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः–

१. म्याग्दी जिल्ला, सिख गाउँ विकास समितिमा रहेको पाउद्वार माध्यमिक विद्यालय र राम्चे गाउँ विकास समितिमा रहेको हिमाञ्चल उच्च माध्यमिक विद्यालयको सञ्चालनका लागि आर्थिक श्रोत जुटाउन २०५३ साल देखि बर्षेनी चौंरीको रगत पिउने मेलाको आयोजना गर्ने गरिएको र चरनका लागि अन्नपूर्ण हिमालको फेदीसम्म पुग्ने चौंरीले यार्सागुम्बा, जटामसी, नीरमसी, पाँचऔंले लगायतका जडीबुटी खाएका हुनाले यस्ता जीउँदो चौंरीको तातो–तातो रगत पिउनाले जीउ स्वस्थकर हुने, रोगसँग लड्न सक्ने रोग प्रतिरोधात्मक क्षमताको अभिवृद्धि हुने, यौन दुर्बलता हट्ने, शारीरिक एवं मानसिक रुपमा समेत स्फुर्ति बढ्ने जनविश्वासले बर्षेनी चौंरीको रगत पिउने मेलामा सहभागिता जनाई चौंरीको रगत पिउनेहरुको संख्या बढ्दै गईरहेको र एक गिलास जिउँदो चौंरीको शरीरबाट निकालिएको रगतको रु.१००।- पर्ने सम्बन्धी पछिल्लो पटक "गोरखापत्र" दैनिकमा राष्ट्रिय समाचार समितिलाई उद्धृत गर्दै मिति २०७३ साल श्रावण ९ गते आइतबार प्रकाशित अंकको पृष्ठ ४ मा समाचार छापिएको छ। उक्त मेलामा चौंरी गाईको चारै खुट्टा बाँधेर लडाई धारिलो चक्कुले घाँटीमा प्वाल पारी उसको जीउबाट पच्चीसदेखि तीस गिलाससम्म रगत निकाली उक्त चौंरी गाईलाई मृत्युवरण गर्नु पर्नेसम्मको अवस्थामा पुऱ्याई आयोजना गर्ने गरिएको चौंरीको रगत पिउने मेलको कारुणिक दृष्य नेपाल टेलिभिजन लगायत निजी स्तरका कान्तिपुर टेलिभिजन, एभिन्यूज टेलिभिजन, सगरमाथा टेलिभिजन, माउन्टेन टेलिभिजन लगायतले समेत देखाउने गरेको र मानव सभ्यतालाई नै चुनौती दिने कार्य भएको छ।

२. विद्यमान नेपाल कानूनले चौंरी गाईलाई मार्ने, अङ्गभङ्ग गर्ने एवं घाउ रगत पच्छे गर्ने कार्यलाई दण्डनीय मानेतापनि वर्तमान अवस्थामा सो सम्बन्धी सजाय अत्यन्त न्यून रहेको प्रतित हुन्छ। मुलुकी ऐन, चौपायाको महलको ११ नम्बरले जानी जानी गाई गोरु मार्नेलाई बाह्र बर्ष र बचन दिनेलाई ६ बर्ष कैद गर्नु पर्छ भन्ने व्यवस्था गर्नुका साथै उक्त चौपायाको महलको १४ नम्बरले गाई गोरुलाई कुटपीट गरी अङ्गभङ्ग गर्नेलाई दुई बर्ष कैद र घाउ रगत पच्छे गर्नेलाई दुई सय रुपैयाँसम्म जरिवाना गर्नु पर्छ भन्ने व्यवस्था गरेको छ। चौंरी गाई पनि गाईकै प्रजातिको भए तापनि नेपालको हिमालीक्षेत्रमा चौंरी गाईको हिंसा गर्ने प्रचलन रहेकोले कानूनमा कडा सजायको व्यवस्था गर्नु भन्दा जनताको चेतनाको स्तरसँगै कानूनको कार्यान्वयन सहज रुपमा गर्न सजिलो हुन्छ भन्ने अभिप्राय लिई मुलुकी ऐन, चौपायाको महलको ११ नम्बरले चौंरी गाईलाई मार्नेलाई जिउ एकको चालीस रुपैयाँको दरले जरिवाना गर्नु पर्छ भन्ने व्यवस्था गर्नुका साथै उक्त नम्बरले चौंरी गाईलाई अङ्गभङ्ग वा घाउ रगत पच्छे गर्नेलाई बीस रुपैयाँसम्म जरिवाना गर्नु पर्छ भन्ने व्यवस्था गर्यो। ऐन जारी हुँदाको समयमा उक्त जरिवानाको अंक अत्यन्त उच्च भएतापनि वर्तमान समयमा उक्त यथावत रुपमा रहेको जरिवानाको अङ्क

नाम मात्रको जरिवाना सम्बन्धी सजाय भएकोले चौंरी माथि हुने हिंसामा बढोत्तरी आई जिउँदो चौंरीको जिउबाट निकालिएको रगत पिउने मेलाको आयोजना समेत स्थानीय शैक्षिक संस्थाको रुपमा रहेका माध्यमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालयको सञ्चालनका लागि आर्थिक सहयोग जुटाउने नाममा हुने गरेको छ। यसरी विद्यमान नेपाल कानूनको रुपमा प्रचलनमा रहेको मुलुकी ऐन २०२० को चौपायाको महलको ११ नम्बरले चौंरी गाईलाई मार्ने तथा उक्त महलकै १४ नम्बरले अङ्गभङ्ग गर्ने तथा घाउ रगत पच्छे गर्ने कार्यलाई दण्डनीय बनाई आपराधिक कार्य मानेकोले "नाङ्गी पाउद्वार संयुक्त चौंरी पालन समिति" द्वारा आयोजना गर्ने गरिएको चौंरीको रगत पिउने मेलाको आयोजना अब आइन्दा नगर्नु, गर्न नदिनु र विद्यमान नेपाल कानूनमा चौंरी गाईलाई मार्ने, चौंरी गाईलाई अङ्गभङ्ग गर्ने एवं घाउ रगत पच्छे गर्ने कार्यलाई दण्डनीय मानेतापनि अत्यन्त न्यून जरिवाना सम्बन्धी व्यवस्था रहेकोले उक्त सजायलाई समयानुकल बनाउनु र अत्यन्त दयनीय आर्थिक अवस्थाको कारण जिउँदो चौंरीको रगत पिउने मेलाको समेत आयोजना गर्न बाध्य भएका म्याग्दी जिल्ला स्थित राम्चे गाउँ विकास समितिमा अवस्थित हिमाञ्चल उच्च माध्यमिक विद्यालय र सिख गाउँ विकास समितिमा अवस्थित पाउद्वार माध्यमिक विद्यालयलाई आर्थिक सहयोग प्रदान गर्नु, गराउनु भनी नेपालको संविधानको धारा १३३(२) (३) वमोजिम परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ निवेदनपत्र।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी मध्येका ९, १० र ११ नं. का विपक्षीहरुले आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत र अन्य विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु।

साथै अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन मागका सम्बन्धमा बिचार गर्दा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षका बीच छलफल गराई आदेश गर्नु उपयुक्त हुने हुँदा अन्तरिम आदेशको छलफलका लागि मिति २०७३।५।२८ गतेको पेशी तोकी उक्त पेशीको सूचना विपक्षीलाई दिनू भन्ने मिति २०७३।३।३१ मा यस अदालतबाट भएको आदेश।

४. पशु उपर हुने क्रुर यातना विरुद्धको कार्यलाई व्यवस्थित गर्ने गरी पशु कल्याणसँग सम्बन्धित कानूनमा संशोधन तथा नयाँ कानून तर्जुमा सहमतिका लागि सम्बन्धित मन्त्रालयबाट मस्यौदा तयाई भई यस मन्त्रालयमा आएका बखत यस मन्त्रालयबाट

आवश्यक प्रकृया अगाडि बढाइने नै छ तर कुनै पनि शैक्षिक संस्था सञ्चाल गर्न आवश्यक पर्ने आर्थिक स्रोत प्रदान गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने हुँदा असम्बन्धित पक्ष यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

५. व्यवस्थापिका संसदलाई विपक्षी बनाउनु पर्ने प्रमाणजन्य वस्तुनिष्ठ आधार र कारण खुलाउन सकेको देखिँदैन। व्यवस्थापिका संसदले रिट विषयमा कुनै प्रकारको सरोकार र सम्बन्ध राख्दैन, जहाँसम्म कानूनमा यस्ता प्रकारका कृयाकलापको हकमा सजायको बढोत्तरी गर्ने जिकिर छ, सो सम्बन्धमा कार्यपालिकाले आवश्यक ठानेको अवस्थामा संविधान र कानूनको कार्यविधि पूरा गरी नयाँ कानून निर्माण गर्ने वा वर्तमान कानून संशोधन गरी यी यस्ता विषय सम्बोधन गर्ने भन्ने विषय समेत प्रत्यक्ष रुपमा यस व्यवस्थापिका संसदसँग सम्बन्धित छैन। नेपाल सरकारको उक्त कार्य रोक्न नयाँ कानून बनाउन वा मौजुदा कानूनलाई संशोधन गर्ने आवश्यक महशुश गरी तदनुकुलको विधेयक पेश गरेमा हुने नै हुँदा व्यवस्थापिका संसदको हकमा प्रस्तुत रिट निवेदनको कुनै औचित्य नरहेको हुँदा निवेदन जिकिर खारेज गरी फुर्सद पाउँ भन्ने व्यवस्थापिका संसद सचिवालयको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

६. प्रस्तुत सन्दर्भमा प्रथा, परम्परा, मेला इत्यादिको नाममा प्रचलित कानून विपरीत हुने गरी आयोजना गरिने कुनै पनि क्रियाकलापहलाई गृह मन्त्रालयले प्रश्रय दिएको छैन। आफ्नो क्षेत्राधिकार भित्र रही संविधान तथा ऐन कानून प्रदत्त अधिकारको प्रयोग र परिपालना गर्न मन्त्रालय कटिबद्ध छ। प्रचलित मुलुकी ऐनको चौपायाको महलको दफा १९ मा गौ बध भएको कुरामा ६ महिना भित्र र अरुमा भए गरेका मितिले ३५ दिन भित्र नालिस दिए कानून अनुसार सम्बन्धित निकायबाट कारवाही हुने नै हुन्छ। प्रस्तुत सन्दर्भमा गृह मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदर भागी भएकोले बदर गरी पाउँ भन्ने नेपाल सरकारको गृह मन्त्रालयको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

७. गाई, गोरु चौंरी गाई मार्ने र बचन दिने तथा कुटपिट गरी अङ्गभङ्ग गर्ने वा घाउ रगतपच्छे गर्नेलाई जरिवाना समेत हुनेछ भन्ने नेपाल कानूनमा भएको प्रष्ट व्यवस्थालाई कुण्ठित हुने गरी कानून विपरीतको कार्य नेपाल प्रहरीबाट हुन नसक्ने र त्यस प्रकारको कार्य उपर भईरहेको जरिवानालाई समयानुसकुल थपघट गर्ने निकाय यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विषयवस्तु नभई नेपाल सरकारमा निहित रहने हुँदा क्षेत्राधिकार भन्दा बाहिर गई कानूनको मर्म र मान्यता विपरीत कुनै कार्य यस कार्यालयबाट भयो भनी कल्पना समेत गर्न नसक्ने अवस्था भएकोले यस कार्यालय विरुद्धको उल्लेखित रिट

निवेदन खारेज गरी पाउँ भन्ने प्रहरी प्रधान कार्यालय नक्सालको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

८. उल्लेखित कार्यमा यस कार्यालयको संलग्नता रहेको भनी तथा यस कार्यालयले के कार्य गरी उक्त कार्य गर्न सहयोग पुऱ्याएको भनी कुनै कार्यकारण समेत देखाउन नसकी केवल यस कार्यालयलाई बिपक्षी बनाएकोमा सो कार्यमा यस कार्यालयको कुनै पनि संलग्नता नहुनुको साथै सो विषयमा उक्त कार्य रोकिदिनका लागि यस कार्यालयमा लिखित तथा मौखिक रुपमा कुनै पनि किसिमको निवेदन पर्न नआएको र अन्य आधिकारिक जानकारी यस कार्यालयलाई नभएको हुँदा सो सम्बन्धमा यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन यस कार्यालयको हकमा खारेज भागी छ भन्ने क्षेत्रीय प्रशासन कार्यालय पोखरा कास्कीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

९. विपक्षीले जिकिर गरेको घटना सम्बन्धमा यस निर्देशनालयको कुनै संलग्नता नरहेको हुँदा निजले यस निर्देशनालयलाई बिपक्षी बनाउनु कानूनत आवश्यक होइन। तसर्थ निर्देशनालयको सम्बन्धमा निजको मागदावी बदर गरीपाउँ भन्ने नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चल पोखराको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

१०. रिट निवेदकको हक अधिकारबाट निजलाई बञ्चित गर्ने कुनै निर्णय शिक्षा मन्त्रालयबाट भएको भन्ने निवेदनमा जिकिर लिइएको देखिँदैन। रिट निवेदनको मागदावी सम्बन्धमा गृह मन्त्रालय समेतको अन्य प्रत्यर्थीहरुबाट पेश हुने लिखित जवाफबाट सम्मानित अदालतलाई स्पष्ट हुनेछ। निवेदकको संविधान प्रदत्त हक अधिकारमा हनन् गर्ने यस मन्त्रालयको कुनै मनसाय नरहेको व्यहोरा सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्ने नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार काठमाडौंको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

११. म्यादी जिल्लाको केही ठाउँमा खास समयमा लाग्ने चौंरीको रगत पिउने मेलाको सम्बन्धमा प्रश्न उठाई त्यसका कारण चौंरी गाई माथि हुने यातना र पीडाको बारेमा प्रकट गरेको चिन्ता प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत संवेदनशील र गम्भिर छ। प्रस्तुत विषयमा पशुहरुको अधिकार संरक्षण सम्बन्धी प्रश्नसँग सम्बन्धित हुँदा पशुहरुको अधिकारको संरक्षणका लागि विद्यमान कानूनहरुको थप प्रभावकारी कार्यान्वयन हुनुपर्ने र आवश्यकतानुसार थप कानूनी सुधार तथा परिमार्जन हुनुपर्नेमा विवाद छैन र यसका लागि नेपाल सरकार कृयाशील पनि छ। परम्परा देखि चली आएका प्रथा, परम्परा, रीत रिवाजहरुको अवलम्वन र अभ्यास गर्नु र तीनलाई निरन्तरता दिनु सांस्कृतिक हक अधिकारको उपभोग भित्र पर्ने कुरालाई दृष्टिगत गरी त्यस्ता प्रथा वा

परम्पराका नाममा भइरहेको कानूनको उल्लंघन गर्ने वा कसैको अधिकार माथि आघात पर्ने सक्ने कार्य हुन नदिने पनि उत्तिकै रुपमा सचेत रहँदै नेपाल सरकारको उल्लिखित विषयलाई संवोधन गर्दै जाने हुँदा रिट निवेदनको माग बमोजिमको सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने आधार र कारण नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

१२. स्थानिय निकायहरुमा यस्ता प्रकृतिका संस्कारहरु विगत देखि नै चलि आएको, परम्परा समेतलाई अँगाल्दै संस्कृतिको रुपमा मान्दै आएकोले यस कार्यालयलाई त्यस्तो किसिमका मेला पर्वहरुको बारेमा कुनै पनि किसिमको थाहा जानकारी नगराई मेलाको आयोजना भएको हुन सक्ने भएकोले यस कार्यालयबाट कुनै पनि किसिमको कानूनी दायरी मिची काम कार्वाही नगरेको हुँदा यस कार्यालयलाई विपक्षी बनाईनु सरासर कानूनतः गलत हुँदा र उक्त रिट निवेदन व्यहोरा खारेज भागी गरी पाउँ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

१३. यस जिल्लाको शिख गाउँ विकास समितिमा रहेको पाउँद्वार माध्यमिक विद्यालय र राम्चे गाउँ विकास समितिमा रहेको हिमाञ्चल उच्च माध्यमिक विद्यालय समेतलाई विपक्षीले जिकिर गरेको जस्तो मेला आयोजना गरी मेलाको आम्दानीबाट उक्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन गर्न कुनै किसिमको निर्देशन दिने काम यस कार्यालयबाट नभएको विपक्षीले यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार र कारण नभएको हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

१४. विपक्षीले उल्लेख गरेको जस्तो हिमाञ्चल माध्यमिक विद्यालयले मेला सञ्चालन गरेको हैन छैन। यो प्रचलन परापूर्व कालदेखि नै मध्य हिमाली भेगमा रहेका प्राचिन प्रचलन हो। यस भेगका समूदायहरु चैरीको रगत पिउने प्रचलनलाई स्वास्थ्य उपाचार गर्ने पद्धतिको रुपमा ग्रहण गरेको पुरानो बिधि एवम् प्रचलन हो। यस भेगका मानिसहरु पहिले पहिले चैरीको रगत पिई स्वास्थ्य उपचार गर्न मुस्ताङ्ग जाने गर्देथे हाल आएर म्याग्दीमा पनि चौंरी उपलब्ध भएकोले याहीं पनि चैरीको रगत पिउँदै आफ्नो स्वास्थ्य उपचार गर्नका लागि मानिसहरु आउने गर्दछन। त्यस वापत उठेको अर्थ स्वईच्छाले स्कूललाई प्रदान गरिन्छ। यो पद्धति एवं बिधिले चैरी स्वयम्को स्वास्थ्य उपचार गर्ने पुरानो बिधि एवम् प्रचलन हो। उनिहरुले जंगलमा उपलब्ध हुने जडीबुटीहरु खाएको अवस्थामा त्यस्तो जडीबुटीहरुको मात्रा चैरीको रगतमा धेरै हुन गयो भने चौंरी बहुलाउने र मर्ने हुन्छ। त्यसैले चौंरीमा रगतको संतलुन गर्दै त्यस्तो अवस्था आउन नदिनेको लागी चौंरीको रगत निकाली चौंरीलाई स्वास्थ्य प्रदान गरिन्छ र त्यसरी निकालिएको रगतलाई

खेर नफाली जडीबुटीयुक्त रगतको सही सदुपयोग गर्दै बिरामीहरुले पियर स्वास्थ्य उपचार गर्ने गर्दछन। आफ्नो लगानीमा सञ्चालनमा संचालित चौंरी फर्मको चौंरीहरुलाई हानी नोक्सानी पुऱ्याउने लक्ष र उद्देश्य कोही कसैले राख्न सक्दैन त्यसैले विपक्षीद्वारा हचुवाको भरमा भावनामा बगेर दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको पाउद्वार माध्यमिक विद्यालय सिख गाउँ विकास समिति, म्याग्दी, हिमाञ्चल उच्च माध्यमिक विद्यालय, राम्चे गाउँ विकास समिति नाङ्गी र नाङ्गी पाउद्वार संयुक्त चौंरीपालन समिति सिख गाउँ विकास समिति सिख गाउँ विकास समिति म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको संयुक्त लिखित जवाफ।

१५. पाउँद्वार माध्यमिक विद्यालय र हिमाञ्चल उच्च माध्यमिक विद्यालयलाई यस कार्यालयबाट नियम निर्देशन बमोजिम प्रदान गर्नुपर्ने शिक्षक दरबन्दी, प्रति विद्यार्थी अनुदान (PCF) एवम् अन्य अनुदान समेत प्रदान गर्रिदै आईरहेको यस कार्यालयबाट त्यस्ता प्रकृतिका कार्य गर्नका लागी कुनै उक्साहट र सहयोग नगरेको तथा यस कार्यालयबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुने प्रकृतिका कार्य नगरेको हुँदा रिट निवेदन खारेज गरीपाउँ भन्ने व्यहोराको जिल्ला शिक्षा कार्यालय म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

१६. नियम बमोजिम पेशी सूचीमा चढी पेश भएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री अच्युत प्रसाद खरेलले म्याग्दी जिल्लाको सिख गाउँ विकास समितिमा रहेको हिमाञ्चल माध्यमिक विद्यालय सञ्चालनको लागि २०५३ साल देखि वर्षेनी चौंरी गाईको रगत पिउने मेला लगाउने कार्य गरी चौंरी गाईलाई मार्ने, अंग भंग गर्ने कार्य मुलुकी ऐन, चौपायाको महलले दण्डनीय बनाए पनि अति न्यून जरिवाना रहेकोले समायानुकुल बनाउन र उल्लिखित माध्यमिक विद्यालय सञ्चालनको वैकल्पिक व्यवस्था गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भनी बहस गर्नु भयो ।

१७. सरकारी निकायहरुको तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री किरण पौडेलले सरकारी निकायहरुले त्यस्तो कार्य सञ्चालनमा रोक लगाउने गरेका छन्। पशु कल्याणसँग सम्बन्धित कानूनमा संशोधन तथा नयाँ कानून तर्जमा भएमा आवश्यक कारवाही अगाडि बढाइने नै हुन्छ। पशु उपर हुने क्रुर यातना अंगभंग वा मर्नेसम्मको उजुरी परेमा सम्बन्धित निकायले त्यसको अनुसन्धान तहकीकात गरी मुद्दा अभियोजन गर्दै आएकोले रिट जारी हुनु पर्ने अवस्था नहुँदा खारेज हुनु पर्छ भनी बहस गर्नु भयो।

१८. विपक्षीहरु पाउँद्वार माध्यमिक विद्यालय, हिमाञ्चल उच्च माध्यमिक विद्यालय, हिमाञ्चल उच्च माध्यमिक विद्यालय, नाङ्गी पाउद्वार संयुक्त चौंरी पालन समितिको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्रीप्रसाद बुढाथोकीले म्याग्दीको विभिन्न गाउँहरुमा परापूर्वकाल देखि चली आएको चलन हो माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयले आर्थिक स्रोत

जुटाउन चौंरी गाईको पालना गरी चौंरी गाईलाई हानी नोक्सानी गर्ने कुनै प्रयोजन रहँदैन। चौंरीको रगत निकाली बेच्ने कुनै कार्य नगरेकोले रिट खारेज हुनु पर्छ भनी गर्नु भएको बहस सुनियो।

१९. रिट निवेदन लिखित जवाफ सहित मिसिल संलग्न कागजहरुको अध्ययन र दुवै तर्फका विद्वान अधिवक्ताहरुको उपर्युक्त बहस सुनी निर्णयतर्फ बिचार गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरुको निरुपण गर्नु पर्ने देखियो।

(क)प्रस्तुत विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद भनी स्वीकार गर्न सकिने अवस्था छ वा छैन?

(ख)चौंरी पालन व्यवसाय र हिमाली जनताको जन विकाससँग जोडिएका पर्यावरणीय तथा स्थास्थ्य सम्बन्धी के कस्ता विषयहरु छन्? र ती विषयहरुमा के कस्तो दृष्टिकोण बन्नु न्यायको दृष्टिमा आवश्यक हुन्छ?

(ग) चौंरीको रगत झिक्न र आलो तातो रगत पिउने मेलाको परम्परागत ज्ञान सीप र उपचार सम्बन्धी पक्ष के कस्तो छ?

(घ)चौंरीको रगत झिक्ने रगतपक्ष पार्ने विषयसँग जोडिएका कानूनी पक्ष के हो?

(ङ) निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्था छ वा छैन।

२०. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा, निवेदकले २०५३ सालदेखि म्याग्दी जिल्लाको नागी गाउँमा चौंरी गाईलाई चारखुट्टा बाँधी लडाई घाँटीमा प्वाल पारी शरीरबाट २०-२५ गिलास रगत निकाली सो रगत पिउने मेलाको सञ्चालन गरी त्यसबाट संकलन हुने आय स्थानीय विद्यालयको निम्ति प्रयोग गर्ने मेला बन्द गरिनुपर्ने विषयलाई रिट निवेदनमा उठाएको पाइन्छ। निवेदक लामो समयदेखि सर्वोच्च अदालतमा वकालत र सार्वजनिक हक र सरोकारका विवादहरुमा निवेदकको रुपमा संलग्न अधिवक्ता देखिनु हुन्छ। वि.सं.२०६२ साल र त्यसपछि वहाँले दर्ता गरेका कम्तिमा २० वटा रिट निवेदनमा भएका फैसलाहरु नेपाल कानून पत्रिकामा प्रकाशित भएको भेटिन्छ[1]। वहाँले सार्वजनिक सरोकारको विवाद भनी संविधान संसोधन, नागरिकता ऐन, निजामती सेवा ऐन र नियम, मुलुकी ऐन, कानून व्यवसायी ऐन र नियम, प्रहरी ऐन र नियम, ससस्त्र प्रहरी ऐन र नियम, श्रम नियमावली, सैनिक ऐन र सो अन्तर्गतको नियमावली, राहदानी ऐन, सरकारी मुद्दा सम्बन्धी ऐन र नियमको कतिपय व्यवस्थाहरु संविधानसँग बाझेको भन्ने, त्यस्तैगरी

[1] ने.का.प. २०६२, नि. नं. ७५३३, पृ. ५१२, ने.का.प. २०६५, नि.नं. ८१३८, पृ. ७१०, ने.का.प. २०६४, नि.नं. ७९२६, पृ. १४४, ने.का.प. २०६४, नि.नं. ७८४२, पृ. ५३३, ने.का.प. २०६६, नि.नं. ८१६४, पृ. ९०२, ने.का.प. २०६६, नि.नं. ८१२३, पृ. १०६३, ने.का.प. २०६७, नि.नं. ८२७५, पृ. १९४०, ने.का.प. २०६७, नि.नं. ८३६४, पृ. ७०६, ने.का.प. २०६७, नि.नं. ८४३१, पृ. १३०३, ने.का.प. २०६६, नि.नं. ८६७७, पृ १४४२, ने.का.प. २०६६, नि.नं. ८१८६, पृ. १०८४, ने.का.प. २०६७, नि.नं. ८४९९, पृ. १८४०, ने.का.प. २०६७, नि.नं. ८५१७, पृ. १९८९, ने.का.प. २०६८, नि.नं. ८९२५ पृ. १७२५, ने.का.प. २०६९, नि.नं.८९७०, पृ. ३०३, ने.का.प. २०६९, नि.नं. ९००६, पृ. ६३१, ने.का.प. २०७१, नि.नं. ९३७८, पृ. ६०९, ने.का.प. २०७१, नि.नं. ९२५६, ने.का.प. २०७२, नि. नं. ९३७३, पृ. ६०९,

कतिपय व्यवस्थाहरु स्वच्छ सुनुवाइको सिद्धान्त, स्वतन्त्र न्यायपालिकाको अवधारणासँग अमिल्दो रहेको भन्नेसमेत आधारमा आदेशहरु माग गर्नु भएको उक्त प्रकाशित निर्णयहरुको अध्ययनबाट देखिन्छ। वहाँको चाख, उर्जा, लगन प्रसंसनीय छ। सार्वजनिक हक र सरोकारको विवादमा यसरी लामो समयसम्म संलग्न कानून व्यवसायीलाई कुनै हिसाबबाट पनि निरास बनाउनु उपयुक्त हुँदैन। तथापि वहाँले दायर गरेका निवेदनहरु मध्ये अधिकांश निवेदनहरु खारेज भएका, कतिपयमा वहाँले उठाएका विषयस्तु के कसरी संविधानसँग बाझिएको छ भन्ने आदि स्पष्ट गर्न नसकेको, विषयवस्तुलाई हलुका पाराले लिएको भन्ने धारणा फैसलाहरुमा व्यक्त भएका छन्। एउटा रिट निवेदनमा वहाँलाई "**असम्भव र काल्पनिक विषयलाई आधार बनाई आवश्यक तर्क वितर्क र जिज्ञासा गरी सस्तो लोकप्रियताका लागि यस अदालतको महत्वपूर्ण समय वरवाद गर्न जिम्मेदार कानून व्यवसायीलाई सोभा दिने कुरा होइन**"[2] भनिएको पनि छ। यो कुरालाई निवेदकले के कति मनन् गर्नु भयो यकिन भएन। तर प्रस्तुत रिट निवेदनको अध्ययन गर्दा जे जसरी विषय वस्तुको उठान गर्नु भएको छ र जे जस्तो समाचारलाई आधार गरी यस अदालतमा प्रवेश गर्नु भएकोछ, त्यसबाट वहाँले यस अदालतको उपर्युक्त अभिव्यक्तिलाई मनन् गरेको र गम्भीरतापूर्वक लिएको महसूस हुन सकेन।

२१. **संविधानले सार्वजनिक हक र सरोकारको विवादमा उपचार प्रदान गर्ने जुन क्षेत्राधिकार यस अदालतलाई प्रदान गरेको छ सोलाई सबैले गम्भीरतापूर्वक लिनु र बुझ्नु पर्छ। सार्वजनिक हक र सरोकारको विषय भनी मनमा उठेको कुनै पनि विषयलाई बिना अध्ययन र विश्लेषण वा सो विषयवस्तु हेर्ने दायित्व सुम्पिएका कुनै पनि अधिकारी कहाँ जाँदै नगई र उनीहरुलाई कर्तव्य पालनतर्फ सचेतसम्म नगराई यस अदालतमा प्रवेश गर्ने होइन। यो क्षेत्राधिकारले निवेदकसँग सो विषयवस्तुसँग सार्थक सम्वन्ध र तात्विक सरोकार मात्र नभै गहिरो अध्ययन मनन् र विश्लेषण पनि खोज्दछ। निवेदन दर्ता गर्ने, सो कुरा मिडियामा प्रचार प्रसार गर्ने गराउने, त्यसपछि सो विषयलाई अदालतको जिम्मा लगाई आफू चाहीं चुप लागी बस्ने, यो कुरा स्वीकारयोग्य हुन सक्दैन। यस अदालतको अपेक्षा पनि यो होइन।** यही कुरालाई दृष्टिगत गर्दै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४२(२) मा सार्वजनिक हक वा सरोकारको विवादको विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी विवाद निरोपण गर्न अदालतलाई हरसम्भव सहयोग पुऱ्याउनु पर्ने दायित्व निवेदकलाई सुम्पिएको छ। यो कुरा पनि निवेदक एवं सार्वजनिक हक र सरोकारको विषय भनी निवेदन दिने सबैले बुझ्न र मनन् गर्न जरुरी देखिन्छ।

२२. निवेदनको समग्रमा अध्ययन गर्दा निवेदकले म्याग्दी जिल्लाको खोप्रालेक नाङ्गी पाउद्वार संयुक्त चौंरी पालन समितिको अगुवाईमा हुने गरेको जिउँदो चौंरीको घाँटीमा प्वाल पारी

[2] ने.का.प. २०६७, नि.नं. ८३६४, पृ. ७०६

रगत झिकी सो रगत पिउने र सोबाट आर्जित रकम पाउद्वार माध्यमिक विद्यालय र हिमाञ्चल माध्यमिक विद्यालयलाई जुटाउनको लागि २०५३ सालदेखि सञ्चालित मेलाको विषयलाई उठाएको पाइन्छ। तर निवेदकको सूचनाको श्रोत आफ्नो वा अरु कसैको कुनै अध्ययन र अनुसन्धान नभै समाचारपत्र र टेलिभिजनमा प्रसारित सामाग्री रहेको देखिन्छ। सो भन्दा पर गएर हिमाली जिल्लाका जनताका जीविका सम्बन्धी विषय, तिनका आधार, पशुपालन र विशेषतः चौंरी पालनको आर्थिकपक्ष, रगत झिक्ने र पिउने परम्परा, त्यसको वैज्ञानिक आधार, आलो रगत पिउँदा त्यसबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असर र स्वास्थ्य सम्बन्धी समस्या वा चौंरी पालनसँग जोडिएका जैविक, वातवरणीय र संरक्षण सम्बन्धी कुनै पनि प्रश्नमा कुनै अध्ययन गरेको वा प्रकाश पारेको पाइँदैन। निवेदकले केवल चौंरी गाई उपर गरिने क्रुरतालाई लिएर संवेगात्मक अभिव्यक्तिसहित निवेदन दिएको देखिन्छ। रगत झिक्ने र पिउने मेला तथा परम्परालाई मानव सभ्यताकै चुनौती र कलंककोरुपमा चित्रण गर्दै यो प्रथा बन्द गरिनु पर्ने जिकिर निवेदनमा गरिएको छ। रगत झिक्ने र पिउने मेलालाई जसरी निवेदकले बन्द हुनुपर्छ भनेका छन् विपक्षीहरु यो प्रथा परम्परागत ज्ञानमा आधारित र स्वास्थ्यको दृष्टिबाट महत्वपूर्ण हुँदा सो रोकिनु हुँदैन भनिरहेका छन्। यसमा पनि कुनै वैज्ञानिक अध्ययनबाट पुष्टि भएको कुरा आएको छैन। यी परस्पर विरोधी विचारहरुको बीचमा चौंरीको रगत झिक्ने र पिउने मेलालाई जनजीवन, जनजीविका, जनावर उपर गरिने क्रूर र निर्दयी व्यवहार रोक्नु पर्ने कानूनी दायित्व, मानव र पशु स्वास्थ्यको संरक्षणको दृष्टिबाट समेत हेर्नु आवश्यक देखियो। यस अर्थमा प्रस्तुत विवादलाई सार्वजनिक हक वा सरोकारको विवादको रुपमा स्वीकार गर्नु पर्ने हुन आयो।

२३. अब चौंरी पालन व्यवसाय र हिमाली जनजीवन, जनजीविकासँग जोडिएका पर्यावरण र स्वस्थ्य सम्बन्धी के कस्ता विषयहरु छन् र तिनमा के कस्तो दृष्टिकोण बन्नु न्यायको दृष्टिमा आवश्यक छ भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा हिमालय क्षेत्रको समस्त परिवेशमा यो विषयलाई हेर्नुपर्ने हुन आउँछ। हिमालयक्षेत्र भन्नाले भौगोलिक रुपमा पश्चिममा उत्तरी पाकिस्तानमा इन्द्रस नदीले काटेको नङ्गा पहाडको खोंचदेखि पूर्वमा भारतको अरुणाञ्चल प्रदेशमा ब्रह्मपुत्रको खोंचसम्मको भूभाग र उत्तरमा तिव्वती पानी ढलोको भूभागदेखि दक्षिणमा गंगाको बाढीबाट प्रभावित हुने उत्तरी किनाराको समथरिलो भूभागसम्मलाई वृहत अर्थमा हिमालयक्षेत्र भन्ने गरिन्छ। सो मध्ये नेपाल हिमालयक्षेत्रको मध्यभागमा पर्छ। अर्थात नेपालभन्दा पश्चिममा पनि हिमालय क्षेत्र छ, पूर्व र उत्तरमा पनि छ। तीव्वती पानी ढलो र हिमालय पहाडको दक्षिणतर्फको उच्च पहाडी भूभागको भौगोलिक, मानवीय, सांस्कृतिक र वातावरणीय पक्ष मिल्दो जुल्दो र समानरुपमा संवेदनशील छ।

यहाँ हिमालीक्षेत्र भनेर मूलरुपमा नेपालतर्फको चौंरी पालन गरिने उच्च पहाडी र हिमालीक्षेत्रलाई संकेत गरिएको छ।

२४. **हिमालयक्षेत्रमा मानव वस्ती जनसंख्याको दृष्टिबाट पातलो भए पनि यहाँ हजारौं वर्षदेखि प्रतिकूल वातावरणसँग पौंठाजोरी खेल्दै, स्थानीय सरकार र राज्यबाट न्यूनतम सुविधा र सहयोगसम्म पनि दुर्लभ हुँदाहुँदै मानिसहरु बसेका छन्। यी मानव वस्ती, मानव जीवन र उनीहरुका जीविकाका आधारहरु के हुन्, आय आर्जनका स्रोत के हुन् भन्ने नबुझेसम्म उनीहरुको जनजीवनलाई थप प्रतिकूल बनाउने कुरा गरिनु हुँदैन। यति न्यूनतम् धैर्य नीति निर्माताहरुले राख्नैपर्छ। अन्यथा हामी ती जनताका समर्थक, सहयोगी र सहयात्री हुन सक्दैनौं।**

२५. हिमालीक्षेत्रमा चौंरी पालन वा वृहत अर्थमा पशुपालन व्यवसाय यहाँको जनजीवनको अभिन्न अङ्ग हो। हिउँदमा हिउँ पर्ने र अत्यन्त ठण्डा हुने, वर्षामा पनि कतिपय स्थानमा कम वर्ष हुने कारण उच्च पहाडी घाँसे मैदानमा पशुपालन, जडीबुटीको संकलन र केही समथरखालको भुभागमा सामान्य खेतीपाती गर्दै र त्यहाँको उत्पादन अन्यक्षेत्रका जनतासँग साट्दै र बेच्दै हिमालयक्षेत्रका जनताले हजारौं वर्षदेखि जीवन निर्वाह गर्दै आएका छन्। यो क्षेत्र यीनै मानिसहरुका कारण सुरक्षित छ।यदि यहाँको पर्यावरण जोगिएको छ भने यीनैको कारण जोगिएको छ। बरु आधुनिक बजार व्यवस्थाको आक्रमण, औधोगिकीकरण र वातावरणीय विनास र मौसम परिवर्तन जस्ता बाह्य कारणहरुबाट हिमालीक्षेत्र प्रभावित बन्न गएको छ। मानव र वातावरणीय सन्तुलन बिग्रन गै जनताको जीवन अरु जोखिमपूर्ण बनेको छ। यो पक्षलाई बुझ्न र मनन् गर्न नसकेमा विषयस्तुलाई सहीरुपमा बुझेको ठहर्दैन।

२६. जहाँसम्म चौंरी पालनको प्रसंग छ यसको जनसंख्या तथा सोसँग जोडिएको जैविक, आर्थिक र वातावरणीय पक्षमा पनि यहाँ केही प्रकाश पार्नु आवश्यक देखिन्छ। चौंरी हिमालयक्षेत्रको चौपाया हो। नेपाल, भारत, चीन र भुटानको समस्त हिमालीक्षेत्रमा दूध, मासु, ऊन, छाला तथा भारी बोक्न बोकाउनको लागि चौंरी पालन गरिन्छ। हजारौं वर्षदेखि हिमालीक्षेत्रमा चौंरी पालन गरिंदै आएको छ। चौंरी घरपालुवा मिश्रित प्रजातिको जनावर हो भने यसको पूर्खा चाँही जंगली याक,नाक (Bos mutus) याक भाले हो भने नाक चाहीँ पोथी चौंरी हो। त्यसको घर पालुवा प्रजाति याक (Bos grunniens) चाहीं शुद्ध प्रजाति हो। नेपालको हिमाली जिल्लाहरुमा मिश्रित प्रजातिको चौंरीको संख्या ठुलो छ भने सानो संख्यामा त्यसको पूर्खा घरपालुवा याक नाक (Bos grunniens) पनि हाम्रो हिमालीक्षेत्रमा पाइन्छ। जंगली याक नाक (Bos mutus) भने मुलतः चीनको तिब्बत तथा क्वीङ्गगाई (Quinguai) प्रदेशमा पाइन्छ। यदाकता चीनको जिनजियाङ्ग (xinjiang), भारतको लद्दाखमा तथा नेपाल र भुटानमा पनि यो पाइन्छ भनिएको छ। याक र

स्थानीय पहाडी गाई (Bos indicus) बीचको यौन सम्पर्कबाट एउटा मिश्रित वर्गको रुपमा चौंरीको जन्म हुन्छ। याकको तुलनामा चौंरीको कम तौल हुन्छ यसले बढी दूध दिन्छ र यो कम उचाईमा पनि बाँच्न सक्छ। जंगली याक संकटापन्न वन्यजन्तु हो भने मिश्रित प्रजातिको चौंरीको संख्या पनि क्रमशः घट्दै गएको भन्ने अध्ययनहरुबाट देखिएको छ। जनजीविकामा आएको परिवर्तन, चौंरीको चरन खुम्चिन गएको स्थिति, खर्चको तुलनामा आम्दानी कम भएको अवस्था, भालुको आतंक, रोग व्याधीको आक्रमण तथा मौसम परिवर्तन समेतको कारण हिमालीक्षेत्रमा हाल चौंरी पालन व्यवसाय खुम्चिदै गएको भन्ने पनि रिपोर्टहरु पाइन थालेको छ[3]। तर जहाँ व्यवसायिक रुपमा पनि चौंरी पालन शुरु गरिएको छ, त्यहाँ चौंरीको संख्या बढन र फस्टाउन थालेको भन्ने पनि समाचारमा आएको छ।[4]

२७. चौंरी वा यसको पूर्खा याक समूहमा अर्थात बथानमा रहने जनावर हो। हिमालीक्षेत्रको कठीन भूगोल, मौसम र वातावरणमा रहने हुँदा यो निकै नै हट्टाकट्टा बलियो हुन्छ। मौसममा आउने बदलाबसँगै यसले आफ्नो बासस्थान पनि बदल्छ। हिउँ परेको बेला कम उचाईमा झर्छ भने बर्षा लाग्न थाल्दा नथाल्दा उच्च हिमाली घाँसेमैदानमा रमाउँछ। यस अर्थमा चौंरी हिमालीक्षेत्रका मौसम परिवर्तनसँगै सरि रहने डुलुवा वा फिरन्ते पशु हो। चौंरीको फिरन्ते स्वभावकै कारण चौंरी पालनमा संलग्न गोठालाहरुले पनि फिरन्ते जीवन बिताउँछन्। यस्तो जीवनशैली हिमालीक्षेत्रमा नेपालमा भन्दा तिब्बततर्फ बढी छ।

२८. चौंरीको संरक्षणको कानूनी पक्ष हेर्दा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ मा घर पालुवा याक, नाक (Bos grunniens) लाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको छ। जंगली याक, नाक (Bos mutus) लाई Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को अनुसूची १ मा राखिएको छ। IUCN ले पनि यसलाई जोखिममा रहेको (Vulnerable) जनावर हो भनी उल्लेख गरेको छ। २०७४ सालमा निर्मित संकटापन्न वन्यजन्तु तथा वनस्पतिका अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐनमा संकटापन्न वन्यजन्तुभित्र (दफा २(ठ)) दुर्लभ, लोपन्मुख र संरक्षित वन्यजन्तुलाई समेटिएको छ। सोही ऐनको दफा २(घ), (झ) र (ढ) मा गरेको व्यवस्था अनुसार यी तिनै वर्गका वन्यजन्तुले साइटिस (CITES) को क्रमशः अनुसूची १, २ र ३ लाई संकेत गर्दछन्। तसर्थ कानूनीरुपमा एउटा शुद्ध प्रजातिको रुपमा घर पालुवा र जंगली याक नाक दुवै संकटापन्न वन्यजन्तु हुन् तर

[3] See Rameswar Singh Pande, Yak and Churi Farming in Nepal ntarc.nepal.blogspot. com/2007/07 Yak-and-churi-farming-in-Nepal-by.htoml.

[4] विशेषज्ञ डि.डि. जोशीका अनुसार नेपालमा करिव २००० याक र ४००० चौरी पाइन्छ हेर्नुहोस Yak in Nepal Solution info. By D.D. Joshi, www.fao.org/docrep/006/ad347e/ad347e Os.htm

मिश्रित प्रजातिको चौंरी भने संरक्षित वर्गमा पर्दैन। दुर्लभ र लोपोन्मुख प्रजाति भएको कारण शुद्ध याक नाकका घर पालुवा वा जंगली दुबैरुपमा संरक्षण गरिनु पर्ने वन्यजन्तु को रुपमा पर्छन्।

२९. अब माथि उल्लेखित तेस्रो प्रश्नतर्फ हेरौं प्रस्तुत रिट निवेदनमा चौंरीको रगत झिक्ने र पिउने परिपाटीलाई चुनौति दिंदा मुलतः सो व्यवहारलाई निर्दयी, संवेदनहीन मानवीय सभ्यता विरुद्ध भनी चित्रण गर्न खोजिएको छ। यसबारेमा पछि विश्लेषण गरौंला तर सो भन्दा पहिले स्वास्थ्य सम्बन्धी दृष्टिबाट यो विषयलाई हेरौं। चौंरीको रगत झिक्ने कार्यले चौंरीको स्वास्थ्यमा के कस्तो असर पर्छ, सो बारे कुनै अध्ययन गरिएको भेटिंदैन। चौंरीलाई के रोग लाग्छ भन्ने बारे भने अध्ययनहरु भएका छन्। त्यसैले चौंरीको आलो तातो रगत पिउँदा सो रोग मानिसमा सर्छ वा सर्दैन सो कुरा हेर्नुपर्ने हुन आउँछ। सामान्यतः समान क्षेत्रका घरपालुवा पशुहरुलाई जे रोग लाग्छ चौंरीलाई पनि सो रोग लाग्छ। पहाडी र तराई क्षेत्रमा पालिएका चौपायाहरुमा लाग्ने भाइरस, व्याक्टेरिया र फंगस (FUNGUS) बाट हुने रोगहरु क्रमागतरुपले चौंरीलाई पनि लाग्छ। त्यस्तैगरी जनावरमा लाग्ने कयौं रोगहरु मानिसमा पनि सर्छ। पशुपंक्षीबाट मानिसमा सर्ने चर्चित एन्थ्रेक्स, एभियन इन्फ्लुएन्जा, बी भाइरस, ब्रुसेलोसिस, इकोलि, जे-आरडिया, लेप्टोपिरोसिस, क्यू फिवर, रेविज, ट्युवरकोलोसिस, विभिन्न खाले जुका, साल्मोनेला संक्रमण, एच.आई.भि/एड्स आदि बारे अब ज्ञान सामान्य भैसकेको छ। पशुपंक्षीबाट मानिसमा सर्ने रोगहरु (Zoonotic diseases) को अध्ययन अब स्वास्थ्यक्षेत्रको प्राथमिकता प्राप्त विषय बनेको छ। पशुबाट मानिसमा सर्ने मध्ये यो यो रोग रगतको कारण मानिसमा सर्छ भन्ने यकीन तथ्याङ्क उपलब्ध नभए पनि परीक्षण गराई अमूक जनावर रोगी होइन भन्ने यकीन नगरी त्यस्ता जनावरको आलो रगत मानिसलाई खान दिनु रोगको खुल्ला आमन्त्रण हो भन्ने सजिलै बुझ्न सकिन्छ। एकातर्फ स्थिति यस्तो छ भने लिखित जवाफमा जिकिर गरिएजस्तो चौंरीले हिमालीक्षेत्रमा पाइने जडीबुटी खाने हुँदा त्यसको रगत रोग निरोधक वा प्रतिरोधक हुन्छ भन्ने कुरा वैज्ञानिक अध्ययनबाट पुष्टि हुन सकेको छैन। नत विपक्षी नाङ्गी पाउद्वार संयुक्त चौंरीपालन समिति र विद्यालयहरुको लिखित जवाफमा दावी लिइए जस्तो यसलाई परम्परागत ज्ञान वा सीपको विषय भन्न सकिने अवस्था छ। नेपाल वा तिब्बत, चीनमा प्रचलित आर्युवेदिक वा तिब्बती वा चिनियाँ चिकित्सा प्रणाली वा औषधि निर्माणको परम्परामा चौंरीको आलो रगतको फायदा बारे यस्तो लेखिएको छ भनी कतैबाट खुल्न सकेको छैन। कतिपय परम्परागत ज्ञान सीप मौखिक परम्परामा आधारित हुन सक्छन् तर यस्ता अप्रमाणित कुराको आधारमा मानव स्वास्थ्यमा अवर्णित जोखिम निम्त्याउन कति उचित हुन्छ, विचारणीय छ।

३०. अब चौँरीको रगत झिक्ने, रगतपक्षे पार्ने विषयसँग जोडिएको कानूनी पक्ष के हो भन्ने चौथो प्रश्न बारे चर्चा गरौं। मुलुकी ऐन, चौपायाको महलमा गाई गोरु र चौँरीगाईलाई भिन्न वर्गमा राखिएको पाइन्छ। चौपायाको ११ नं. मा भएको व्यवस्था अनुसार जानी जानी गाई गोरु मार्नेलाई १२ वर्ष कैद हुन्छ, चौँरी गाई मार्नेलाई जीउ एकको चालीस रुपैयाँका दरले जरिवाना हुने कुरा उल्लेख छ। सोही महलको १४ नं. मा चौँरीगाई अङ्गभङ्ग वा घाउ रगतपक्ष गर्नेलाई बीस रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था छ। यसरी हेर्दा गाईगोरु मार्ने वा अङ्गभङ्ग वा रगतपक्ष पार्नेलाई भन्दा अत्यन्तै कम सजाय चौँरी गाई मार्ने वा अङ्ग भङ्ग पार्नेलाई गरिएको छ। यसो गरिनुको कारण गाई गोरु र चौँरी अलग अलग वर्गका जनावर हुन् भन्ने कुरा त छँदै छ, हिन्दू परम्परामा गाई गोरुको जुन स्थान छ चौँरी गाईको सो स्थान नभएको कारण पनि पृथक पृथक व्यवस्था गरिएको हुन सक्छ। गाई गोरु मासुको लागि पालिँदैन, तर चौँरी मासुको लागि पालिन्छ। चौँरीको मासु खाने प्रचलन हिमालीक्षेत्रका जनतामा सदियौंदेखि चल्दै आएको छ। गाई र चौँरी बारे पृथक पृथक कानूनी व्यवस्था रहनुलाई व्यवहारिक र जनजीविकासँग जोडिएको यो पक्षको परोक्ष स्वीकारोक्ति हो भनी बुझ्न सकिन्छ।

३१. प्रस्तुत रिट निवेदनमा चौँरीको रगत झिक्ने, रगत पिउने प्रथा, मेला बन्द गरिनु पर्छ भन्ने माग लिएइको छ तर चौपायाको महल अन्तर्गतको यो मुद्दा होइन्। यहाँ यस्तो कार्य गर्नेहरुलाई सजाय हुनु पर्छ भन्ने माग राखिएको छैन। तथापि चौँरीको रगत झिक्ने मेलाको कानूनी पक्ष छ। माथि चर्चा गरिए अनुसार चौँरीलाई रगतपक्ष पार्ने मेला वर्तमान कानूनको नजरमा गैर कानूनी देखिन्छ। यदि कुनै कानून विद्यमान छ भने त्यसको पूर्ण पालना गरिनु पर्छ। कानून समय सापेक्ष छैन भने खारेज वा संशोधन गरिनु पर्छ। कुनै कानून विरुद्धको कार्य चाहे व्यक्तिगत अग्रसरतामा गरिएको होस् वा सामुहिक रुपमा गैरकानूनी नै हुन्छ। कुनै पनि वहानामा कानून विरुद्धको कार्य स्वीकार्य हुँदैन। चौँरी गाईबाट रगत झिक्ने कार्यबाट चौँरी रगतपक्ष हुने हुँदा माथि वर्णित चौपायाको महलको १४ नं. विपरीत हुने नै देखिन्छ। वर्तमान कानूनको कसीमा चौँरीको रगत झिक्ने कार्य कानूनसम्मत नदेखिने त छँदैछ मिति २०७५।५।१ बाट लागू हुन गैरहेको मुलुकी (अपराध संहिता) ऐन, २०७४ ले पनि यो विषयलाई गैर कानूनी नै करार गरेको छ। संहिताको परिच्छेद २७ मा चौँरीगाई मार्न नहुँने व्यवस्था हटाइएको छ तर पशुपंक्षी प्रति निर्दयी व्यवहारलाई भने गैरकानूनी करार गर्दै उक्त परिच्छेदको दफा २९० मा पशुपंक्षीलाई कुट्ने, हिर्काउने वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाउने वा अन्य कुनै प्रकृयाले यातना दिने वा कुनै किसिमबाट निर्दयी वा क्रूर व्यवहार गर्ने कार्यलाई कसूर मानिएको छ। त्यस्तो कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा ५,०००।– रुपैयाँसम्म जरीवाना वा दुवै सजाय हुने व्यवस्था पनि उक्त दफामा छ। त्यसो त

आधुनिक विधिशास्त्रले पशुपंक्षी उपर गरिने सबै खाले क्रूर तथा निर्दयी व्यवहारलाई वर्जित गरेको छ। अपराध संहिताको उक्त व्यवस्थाले पनि सोही मान्यताको अनुशरण गरेको हुँदा संहिताको व्यवस्थालाई पनि सोही सन्दर्भमा हेरिनु पर्ने हुन्छ। सार्वजनिक स्थलमा मेलाको आयोजना गरी चौंरीगाईलाई चार खुट्टा बाँधी लडाउने, उनीहरुको घाँटीमा धारिलो हतियार रोपी रगत झिक्ने कार्यलाई उक्त कानूनी व्यवस्थाको सापेक्षतामा पशुप्रति गरिएको निर्दयी व्यवहार नै मान्नु पर्ने हुन्छ। यसरी हेर्दा मुलुकी ऐन र अपराध संहितामा गरिएको व्यवस्था अनुसार पनि चौंरीलाई बाँधी लडाई रगत झिक्ने मेलाको आयोजना, सहभागिता र त्यसबाट फाइदा लिने दिने सबै कार्य गैरकानूनी नै देखिने अवस्था छ।

३२. विपक्षी संयुक्त चौंरी पालन समिति र विद्यालयको तर्फबाट परेको लिखित जवाफमा चौंरीको रगत झिक्ने मेलालाई **"परापूर्व कालदेखि नै हिमाली भेगमा रहेको प्रचलन हो, यो एउटा परम्परागत ज्ञान र उपचार पद्धत्ति हो। देशले नयाँ दिशा र नयाँ बाटो ग्रहण गरेको छ। कानून भनेको समाजमै चलायमान हुनुपर्छ। चौपायाको ११ र १४ नं. को व्यवस्था समय सापेक्ष नहुँदा हटाइनु पर्छ"** भन्ने जिकिर समेत गरिएको छ। जहाँसम्म चौंरीको रगत झिक्ने खाने प्रचलन के कति पुरानो हो भन्ने प्रश्न छ यो कुनै अभिलेखमा आधारित छैन भन्ने कुरा माथि उल्लेख भै सकेको छ। तथापि चौंरीको मासु खाने, सुकुटी बनाउने, छालाका सामाग्रीहरु बनाउने कार्य हिमाली परम्पराको अभिन्न अङ्ग हो भन्ने चाहीं देखिन्छ। त्यस्तैगरी मठ मन्दिरमा चमर हम्कने कार्य हिन्दू सभ्यताको अन्तरंग पाटो हो। चमर चौंरीको पुच्छरबाट बनाइन्छ। तसर्थ पुच्छर चाहीं काटिने चौंरी भने नमारिने अवश्य भएन होला। यसबाट पनि चौंरीलाई काट्ने मार्ने पुरानो परम्परा हिमालीक्षेत्रमा रहेछ भनी सहजै अनुमान गर्न सकिन्छ। त्यसैले यदि सांस्कृतिक रुपमा नेपाल विभिन्न जात जाति र वर्गमा चलेको प्रथा परम्पराहरुको समन्वयात्मक अन्तरघुलन हो भने चौंरी पालन व्यवसायको सन्दर्भमा त्यसको सांस्कृतिक, पर्यावरणीय एवं मानवीयपक्ष समेतको सापेक्षतामा कानून विरुद्ध नहुने गरी एउटा साझा बाटो पहिल्याउनु वान्छनीय देखिन्छ।

३३. नेपाल जैविक विविधता महासन्धि, १९९२ को पक्ष राष्ट्र भएको कारण हिमालीक्षेत्रको जैविक विविधताको संरक्षण र दीगो उपयोगको नीतिभित्र चौंरी तथा याक, प्रजातिको संरक्षण र दीगो उपयोग गर्ने कुरालाई पनि समेटिनु पर्छ। महासन्धिको धारा ६ देखि ९. धारा ११ र १४ मा उल्लेखित संरक्षण (Conservation) भन्ने शब्दले उपयोगलाई निषेध गर्दैन बरु उचित र दीगो उपयोगलाई संकेत गर्छ, प्रश्रय दिन्छ। उपयोगको अवसरले संरक्षणमा चाख र चासो थप्छ। कुनै प्रजातिको संरक्षण गर्ने दायित्व सुम्पिइन्छ तर उपयोगको कुनै बाटो दिइँदैन भने सो प्रजातिको संरक्षण गर्ने कुरामा गरीवी र अशिक्षामा

पिल्सिएका जनता उत्साहित हुदैनन्, यसबारेमा पनि हामीले ध्यान दिनु पर्छ। तसर्थ अब लागू हुन गैरहेको अपराध संहिताले चौंरी मार्न निषेध नगरेको, केवल उनीहरु उपर सार्वजनिक रुपमा गरिने निर्दयी व्यवहारलाई निषेध गरेको हुँदा चौंरी पालन व्यवसायलाई कानूनसँग मिल्ने गरी आय उपार्जन, जैविक विविधता एवं वातावरण संरक्षण समेतका आयमसँग जोडी हेर्नु र सोही अनुरुप व्यवहार गरिनु आवश्यक हुन्छ।

३४. अब निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने हो होइन्, भन्ने अन्तिम प्रश्न तर्फ हेरौः यहाँ चौंरीको रगत झिक्ने र खाने मेला आयोजना भैरहेको सन्दर्भमा कसैउपर कारवाही हुनुपर्ने माग गरिएको छैन। हिमाली जिल्लाका जनताको जनजीविकासँग जोडिएको विषयलाई निवेदनमा उठाइएको र चौंरी पालन व्यवसायको आर्थिक, सामाजिक, वातावरणीय र कानूनी पक्षको समग्रमा अध्ययन नगरी यस विषयमा अहिले नै यसो गर्नु भनी परमादेश जारी गर्नु न्यायको रोहमा उचित देखिँदैन। तसर्थ निवेदकको माग बमोजिम परमादेशको आदेश जारी गर्नु उचित र आवश्यक नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

३५. तर माथि विभिन्न प्रकरणमा चर्चा गरिए बमोजिम सार्वजनिकरुपमा मेलाको आयोजना गरी चौंरीको रगत झिक्ने र पिउने मेला आयोजना गर्ने कुरा वर्तमान कानून (मुलुकी ऐन) र अब लागू हुने कानून अर्थात मुलुकी (अपराध संहिता) ऐन, २०७४ को कसीमा खरो उत्रन सकेको र सक्ने देखिँदैन। त्यस्तैगरी आलो रगत पिउने प्रथाले प्रदान गर्ने स्वास्थ्य सम्बन्धी लाभ अनिश्चित र यकीन हुन बाँकी नै रहेको तर आलो रगत पिउँदा झेल्नु पर्ने स्वास्थ्य सम्बन्धी जोखिम भने प्रवल देखिन्छ। चौंरी पालन हिमाली जनजीवन र संस्कृतिसँग अभिन्नरुपमा जोडिएको र हिमाली जनताको आर्थिक उपार्जनको अभिवृद्धिमा प्रचूर सम्भावना बोकेको व्यवसाय हो भन्ने स्पष्ट छ। हाल केही क्षेत्रहरुमा व्यवसायिक रुपमा चौंरी फारामहरु विकास गरिएको र जनताको आर्थिक पुनरुद्वारमा सहायक हुने देखी अपराध संहिताले गाईगोरु (Bos taurus or Bos indicus) लाई याक नाक (Bos grunniens) र तिनको मिश्रित वर्ग चौंरीसँग अलग गरी चौंरी उपर गरिने निर्दयी व्यवहारहरुलाई सम्म रोकी मार्ने कार्यलाई कसूरजन्य नबनाएबाट मासुको लागि चौंरी पाल्न र काटी खान सकिने कुरालाई स्वीकार गरेको समेत पाइन्छ। याक नाक राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु ऐन, २०२९ तथा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७४ अन्तर्गत संरक्षित जनावर भए पनि त्यसको नियन्त्रित प्रजनन गर्न सक्ने कुरालाई पछिल्लो ऐनले खुला राखेको छ। चौंरी पालन व्यवसाय, त्यसको सांस्कृतिक, आर्थिक, वातावरणीय तथा परम्परागत ज्ञान सीपको जगेर्नाको विषय र पछिल्लो समयमा मौसम परिवर्तनको कारण परेको प्रभावको सन्दर्भमा अनुकूलन (Adaption) को के उपाय अपनाउन सकिन्छ भन्ने बारेमा समेत माथि

उल्लेखित कुराहरुलाई मध्यनजर गर्दै अध्ययन गर्नु आवश्यक देखिन्छ। चौंरीहरु उपर गरिने सबै खाले निर्दयी व्यवहार रोक्ने सम्बन्धमा जनचेतना बढाउने समेतका उपयुक्त कदमहरु चाल्ने सम्बन्धमा तत्काल र दीर्घकालमा के गर्न सकिन्छ र के गर्न जरुरी हुन्छ सो पनि हेर्नु वान्छनीय हुन्छ। यसको साथै चौंरी संरक्षण बारे के कस्तो राष्ट्रिय नीति बन्नु उपयुक्त हुन्छ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, संकटापन्न वन्यजन्तु र वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७४ र जैविक विविधता महासन्धि (Convention on Biological Diversity) एवं साइटिस Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को संरक्षण सम्बन्धी व्यवस्थासँग कसरी तादम्यता कायम हुन सक्छ भन्ने विषयमा पनि अध्ययन गर्न जरुरी देखिन्छ। त्यसैले यी समस्त विषयमा सरोकारवालाहरुको सहभागितामा विशेषज्ञसहितको टोली गठन गरी एक वर्षभित्र आवश्यक अध्ययन गर्नू गराउनू र अध्ययन प्रतिवेदनको आधारमा आवश्यक नीतिगत र कानूनी सुधार समेत गर्नू भनी विपक्षी प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ। आदेशको जानकारी निवेदक र विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलाश अधिकृत/उपसचिवः जगतबहादुर पौडेल

कम्प्युटर अपरेटरः प्रेमहादुर थापा

इति संवत् २०७४ साल मंसिर महिना २७ गते रोज ४ शुभम् ----------------------।